# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ३९३ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त “क” वर्गका (बैंक) संस्थाहरू ।

विषय :- व्यापारिक साख सूचना **(Business Credibility Information )** लिने वारे ।

महाशय,

परिवर्त्य विदेशी मुद्राको प्रतीतपत्र कारोवार मार्फत हुन सक्ने विदेशी विनिमयको अपचलनलाई नियन्त्रण गर्ने दृष्टिकाणवाट परिवर्त्य विदेशी मुद्राको प्रतीतपत्र मार्फत आयात र निर्यात कारोवार गर्नुअघि अनिवार्य रुपमा व्यापारिक साख सूचना (Business Credibility Information) लिनुपर्ने व्यबस्था गरिएको हुँदा सोही बमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. आयात प्रतीतपत्र खोल्नुअघि निर्यातगर्ने विदेशी फर्म, कम्पनी वा संस्थाको व्यापारिक साख सूचना (Business Credibility Information) सम्वन्धी जानकारी लिनुपर्नेछ ।

२. निर्यात प्रतीतपत्र अन्तर्गत निर्यात डकुमेण्टहरू Negotiation वा Purchase गर्नुअघि विदेशस्थित खरीदकर्ताको व्यापारिक साख सूचना (Business Credibility Information) सम्वन्धी जानकारी लिनुपर्नेछ ।

३. साख सूचना नेपालस्थित यस्तो काम गर्ने कुनै निकाय वा नेपालमा शाखा कार्यालय भएका अन्तरराष्ट्रिय कुनै प्रतिष्ठित निकायहरूको प्रतिनिधिमार्फत सम्वन्धित बैंक आफैले लिनुपर्नेछ ।

४. Credit Risk वा High Credit Risk वा Rating Not determined भन्ने जस्ता व्यहोरा उल्लेख भई आएका केशहरूको हकमा प्रतीतपत्र खोल्नु परेमा सामान्य अबस्थामा जुन तहबाट प्रतीतपत्र खोल्न अनुमति निकाशा हुन्छ सो तहभन्दा एक तहमाथिको निकाशा अनिवार्य रुपले लिनुपर्नेछ ।

५. एक पटक लिइएको यस्तो व्यापारिक साख सूचना (Business Credibility Information) एक वर्षसम्मका लागि मात्र मान्य हुनेछ ।

६. सरकारी तथा अर्ध सरकारी निकायहरूले Global Tender को आधारमा प्रदान गरेको Contract अर्न्तगत खोलिने प्रतीतपत्रहरूको हकमा यस्तो व्यापारिक साख सूचनाको आवश्यकता पर्नेछैन ।

७. एउटा बैंकले प्राप्त गरेको सूचना अरू बैंकहरूले पनि प्रयोग गर्न सक्नेछन् ।

८. अमेरिकी डलर ५०,०००।- वा सो भन्दा बढी रकमका प्रतीतपत्र कारोवारहरूको हकमा यो व्यबस्था लागू हुनेछ। अमेरिकी डलर ५० हजार भन्नाले संशोधन गरि रकम थप गरिएको भए सो समेत गणना हुनेछ।

९. यस्तो साख सूचना प्रतीतपत्र खोल्ने सम्वन्धित बैंकाको Correspondent बैकबाट पनि लिन सकिनेछ।

१०. Back to Back प्रतीतपत्र र Usance प्रतीतपत्रहरूको हकमा साख सूचना लिनु पर्ने छैन।

११. नेपाली निर्यातकर्ताहरूले आफुले प्राप्त गरेको प्रतीतपत्रको आधारमा निर्यात गर्दा प्रतीतपत्रमा उल्लेख गरेका सम्पूर्ण Terms and Conditions हरू Comply हुन्छ भने त्यस्ता Clean डकुमेण्टहरूको Negotiation वा Purchase गर्दा साख सूचना आवश्यक पर्ने छैन।

१२. आयात तथा निर्यात प्रतीतपत्र सम्वन्धी अन्य प्रचलित व्यबस्थाहरू यथावत नै छ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक